# घोराही उप-महानगरपालिका

## नगरसभाको १५ औं अधिवेशन

# आर्थिक वर्ष २०८१/८२को

# बजेट वक्तव्य

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल
२०८१

## घोराही उपमहानगरपालिकाको नगरसभाको १५ औं अधिवेशन समक्ष नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी. ज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

**नगरसभाका अध्यक्ष महोदय,**

१. संघीयताको अभ्याससंगै स्थानीय तहको दोश्रो कार्यकालका लागि निर्वाचित स्थानीय सरकारको जनप्रतिनिधिका रुपमा हामीले दुई वर्षको अवधि पुरा गरिसकेका छौं। स्थानीय सरकारको दोश्रो कार्यकालको घोराही उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२को बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

२. यस अवसरमा समाजको आमुल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनार्थ इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।विभिन्न आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्त्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु। मुलुकको शासकीय संरचनालाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु।

३. नगर स्थापनादेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्त्व गर्नुहुने अग्रज ब्यक्तित्वहरुले नगर निर्माणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उहाँहरुप्रति समेत उच्च सम्मान ब्यक्त गर्दछु।

**नगरसभाका अध्यक्ष महोदय,**

४. स्थानीय सरकारको अभ्यास गर्ने क्रममा नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गर्दै सीमित स्रोत र साधनका बीचमा पनि यस अवधीमा पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेका छौं। नगरभित्रका मुख्य सडक संजालहरुको दीगोपना, ग्रामीण तथा कृषि सडकहरुको स्तरउन्नती, खानेपानी, सिंचाई, पुल/कल्भर्ट जस्ता पूर्वाधारहरुको नियमित निर्माण एवं मर्मत कार्यबाट दुर दराजका ग्रामीण बस्तीहरु केन्द्रसँग जोडिन गई आर्थिक क्रियाकलापहरुमा बढोत्तरी भएको छ।

५. सिंचाई सुविधामा विस्तार, कृषकहरुलाई उन्नत बीउ एवं कृषि यान्त्रिकरणमा अनुदान, पशु व्यवसायमा नश्ल सुधारका साथै अनुदान लगायतका कृषक अभिप्रेरित कार्यक्रमले कृषि पेशालाई आकर्षित एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न मद्दत पुगेको छ।

६. पूर्ण सरसफाई अभियान, खरको छाना मुक्त अभियान, महिला बालबालिका, जेष्ठ नागरिक लक्षित कार्यक्रम, बञ्चिति तथा

वहिष्करणमा परेका वर्ग, क्षेत्र, समुदायको उत्थान कार्यक्रम तथा स्थानीय स्तरमै न्यायिक निरुपण लगायतका कार्यक्रम एवं नीतिगत व्यवस्थाले समेत स्थानीय तहप्रति नागरिकको बिश्वास र भरोसा बढेको अनुभूति गरेको छु।

७. बालमैत्री कार्यक्रमको दीगोपना, लैंगिक हिँसा नियन्त्रित नगर घोषणा कार्यक्रम, नमुना विद्यालयको घोषणा, शिक्षक दरबन्दी मिलान, भौतिक पूर्वाधार निर्माण एवं मर्मत, आधारभूत स्वास्थ्य सेवाको प्रवाह, रोजगारीको सिर्जना, न्यायिक समिति मार्फत विवाद निरुपण, स्थानीय कला संस्कृतिको संरक्षण, नियमित बजार अनुगमन, सीप विकास तालिम एवं उद्यम प्रवर्द्धन, सहकारी संस्थाको क्षमता अभिवृद्धि एवं प्रवर्द्धन, गरिबि निवारणका लागि विभिन्न लक्षित कार्यक्रम, कल्याणकारी राज्यको अवधारणा अनुरुप सामाजिक सुरक्षाका कार्यक्रमहरुको सफल कार्यान्वयन एवं सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम उपयोगबाट विद्युतीय सुशासन मार्फत **"जनतासँग स्थानीय सरकार"** को अनुभूति गराउन प्रयासरत छौं।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत चालु तर्फ बिनियोजित बजेट ७१ करोड २३ लाख मध्ये ६९.०९ प्रतिशत खर्च

भएको छ भने पूजिगत तर्फ बिनियोजित बजेट ५ करोड ३१ लाख मध्ये ३९.१ प्रतिशत खर्च भएको छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ६७.०१ प्रतिशत रहेको छ।

९. प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत चालु तर्फ बिनियोजित बजेट १४ लाख ५० हजार मध्ये ४१.१९ प्रतिशत र पूजिगत तर्फ बिनियोजित बजेट ५ करोड ९६ लाख मध्ये २७.३१ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च २७.६३ प्रतिशत रहेको छ।

१०. आन्तरिक बजेटबाट चालु तर्फ बिनियोजित बजेट रु. ५४ करोड १२ लाख ९८ हजार मध्ये ७१.९५ प्रतिशत खर्च भएको छ भने पूजिगत तर्फ बिनियोजित बजेट ७७ करोड ४६ लाख १ हजार मध्ये ५३.२६ प्रतिशत खर्च भएको छ। आन्तरिक बजेट तर्फको औसत खर्च ६०.९५ प्रतिशत रहेको छ।

११. संघ, प्रदेश र यस उपमहानगरपालिकाको आन्तरिक बजेट समेत कुल बजेटबाट चालु तर्फ बिनियोजित बजेट मध्ये ७०.०२ प्रतिशत खर्च भएको छ भने पूजिगत तर्फ ५०.६७ प्रतिशत खर्च भएको छ। कुल बजेटको औसत खर्च ६२.०२ प्रतिशत रहेको छ।

१२. क्षेत्रगत रुपमा हेर्दा आर्थिक विकास अन्तर्गत उद्योग तर्फ ८९.३४ प्रतिशत, वाणिज्य तर्फ ९७ प्रतिशत, आपूर्ति तर्फ ८३.६३ प्रतिशत, पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ ६२.७८ प्रतिशत, कृषि विकास तर्फ ३४.११ प्रतिशत, पशु सेवा तर्फ २९.८५ प्रतिशत, सहकारी

तथा रोजगार प्रवर्द्धन तर्फ ५६.३५ प्रतिशत र जलश्रोत तथा सिँचाई तर्फ ५१.९५ प्रतिशत खर्च भएको छ। समग्रमा आर्थिक विकास तर्फ चालु आ.व.मा कुल बिनियोजित बजेटको ४१.८ प्रतिशत खर्च भएको छ।

१३. सामाजिक विकास अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फ ८८.७३ प्रतिशत, सामाजिक सुरक्षा तथा पंजिकरण तर्फ ८१.७२ प्रतिशत, शिक्षा तर्फ ६६.५५ प्रतिशत, युवा तथा खेलकुद तर्फ ४५.७३ प्रतिशत, जनस्वास्थ्य प्रवर्द्धन तर्फ ७४.९५ प्रतिशत, खानेपानी तथा सरसफाई तर्फ ४४.४८ प्रतिशत र भाषा तथा संस्कृति तर्फ ४४.४८ प्रतिशत खर्च भएको छ। समग्रमा सामाजिक विकास तर्फ चालु आ.व.मा कुल ६७.२३ प्रतिशत खर्च भएको छ।

१४. पूर्वाधार विकास अन्तर्गत उर्जा तर्फ ८८.१२ प्रतिशत, पुनःनिर्माण तर्फ ८५.१६ प्रतिशत, सम्पदा पूर्वाधार तर्फ ६६.९१ प्रतिशत, यातायात पूर्वाधार तर्फ ५२.२१ प्रतिशत, भवन आवास तथा सहरी विकास तर्फ ४३.३९ प्रतिशत र संचार तथा सूचना प्रविधि तर्फ ३७.९६ प्रतिशत खर्च भएको छ। समग्रमा पूर्वाधार विकास तर्फ चालु आ.व.मा कुल बिनियोजित बजेटको ५३.४० प्रतिशत खर्च भएको छ।

१५. सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत सरसफाई व्यवस्थापन तर्फ ५८.१ प्रतिशत र वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४८.४५ प्रतिशत खर्च भएको छ।

१६. सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र अन्तर्गत वन वातावरण तथा जलवायु तर्फ ५८.१२ प्रतिशत, विपद् व्यवस्थापन तर्फ ५७.६१ प्रतिशत, शान्ति सुव्यवस्था तर्फ ५५.६४ प्रतिशत, श्रम तथा रोजगारी तर्फ ६३.८४ प्रतिशत, प्रशासकीय सुशासन तर्फ ४८.५ प्रतिशत, तथ्याङ्क प्रणाली तर्फ ८५.८९ प्रतिशत, गरीवी निवारण तर्फ ९२.८३ प्रतिशत लगायत सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र अन्तर्गत समग्रमा ५४.३५ प्रतिशत खर्च भएको छ।

१७. कार्य संचालन तथा प्रशासनिक खर्च तर्फ ८२.८३ प्रतिशत खर्च भएको छ ।

१८. राजश्व संकलन आन्तरिक तर्फ चालु आर्थिक वर्षमा हाल सम्म रु. १७ करोड ७४ लाख ११ हजार ९७२ संकलन भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधीको तुलनामा चालु आर्थिक वर्षमा रु. ६ लाख ३४ हजार ६४६ राजश्व बढी संकलन भएको छ।

१९. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानिकरण अनुदानमा कटौती तथा राजश्व बाँडफाटबाट प्राप्त हुनु पर्ने रकम समेत न्यून हुन जादा बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रम कार्यान्वयनमा रोक लगाउनु पर्ने अवस्था समेत आएको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्षको वार्षिक योजना तथा बजेट, बजेट तर्जुमाका आधारहरु र वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२०. बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, घोराही उपमहानगरपालिकाको एकिकृत शहरी विकास योजना, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन २०७४, नेपाल सरकारको १५औं योजनाको समिक्षा तथा १६ औं योजनाको मार्गदर्शन, स्थानीय तहमा बजेट तर्जुमा दिग्दर्शन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, संघ र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु, संघ र प्रदेश सरकारबाट तर्जुमा भएका बजेट, कार्यक्रम तथा प्राथमिकताहरु, संघ र प्रदेश सरकारबाट अबलम्बन गरिएका आर्थिक तथा सामाजिक नीतिहरु, नेपाल सरकारले प्रतिबद्धता जनाएका दीगो विकासका लक्ष्यहरुलाई मुख्य आधारका रुपमा लिएको छु।नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाई, जनप्रतिनिधि, नागरिक समाज, निजी व्यवसायिक संघ संस्था, बुद्धिजीवी, पेशाविद, संचार जगत लगायत सबैबाट प्राप्त सुझावहरुलाई उच्च महत्व दिएको छु।

२१. सामुदायिक विद्यालयहरुको भौतिक संरचनाको सुधार साथै शिक्षक विद्यार्थी अभिप्रेरित कार्यक्रमबाट शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

२२. कृषिमा व्यवसायिकरणको लागि सिंचाई सुविधा विस्तार गर्दै अधुरा डिपबोरिङ संचालन, प्रमुख वाँध, कुलो, मुहान संरक्षण तथा कृत्रिम जलाशय निर्माण, संरक्षण गर्ने ।

२३. स्वास्थ्य संस्थाहरुको क्षमता सुदृढीकरण गरी आधारभूत स्वास्थ्य सेवाको विस्तार गर्ने, बेरोजगार युवायुवतीलाई उद्यमशिलता, सिप मुलक तालिम मार्फत स्वरोगार बनाउने।

२४. एकिकृत शहरी विकासको ढाँचा अनुरुप सबै क्षेत्रको दीगो एवं सन्तुलित विकास गर्ने, वातवरण संरक्षणका साथै दीगो विकासका लक्षहरु प्राप्त गर्न आर्थिक तथा सामाजिक विकासका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने, सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउने।

२५. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सार्वजनिक सेवाको प्रभावकारिता र जवाफदेहिता अभिवृद्धि गर्ने, विकासमा जनसहभागिता मार्फत सुशासन प्रवर्द्धन गर्ने,गरिबी न्यूनिकरणमा टेवा पुर्याउन स्थानीय सहभागिता अभिवृद्धि गर्ने, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने वातावरण निर्माण गर्ने ।

२६. महिला बालबालिका, पिछडिएको क्षेत्र तथा समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण प्रवर्द्धन गर्ने,

स्थानीय भाषा, साहित्य, कला, संस्कृतिको जगेर्ना गर्ने, सामाजिक सद्भाव एवं एकता अभिवृद्धि लक्षित कार्यक्रममा जोड दिने।

२७. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने कार्यक्रमहरु, जनताको जीवनस्तर, आम्दानी र रोजगारी अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु र घोराही उपमहानगरपालिकाको आफ्नै मौलिक आवश्यकता बमोजिमका आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/८२को लागि क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। क्षेत्रगत बजेट निम्नानुसार विनियोजन गरिएको छ।

**आर्थिक विकास अन्तर्गत**

२८. कृषियोग्य भूमिमा सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न अधुरा डिपबोरिङ संचालन तथा थप डिपबोरिङ निर्माणको लागि रु. २ करोड ६० लाख विनियोजन गरेको छु। यसै गरी ५० प्रतिशत अनुदानमा मागमा आधारित यान्त्रिकरण तथा ५० प्रतिशत अनुदानमा सिंचाई पाइप, सिंचाई मोटर, साना सिंचाई निर्माण, स्यालो ट्युबवेल, कुला, बाँध निर्माण, फलाम स्ट्रकचर प्लास्टिक टनेल वितरण कार्यक्रमको लागि रु. २० लाख विनियोजन गरेको छु ।

२९. ५० प्रतिशत अनुदानमा तरकारीको कम्पोजिट पाकेट वीउ वितरण ,प्याजको वीउ वितरण, बिज बृद्धि गर्ने कृषक समूह/कृषि

सहकारीहरुलाई मुल वीउ वितरण कार्यक्रम, स्थानीय उत्पादन गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि उत्पादन कोल्ड स्टोरमा भण्डारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

३०. तरकारी खेती सम्बन्धी तालिम, कन्ये च्याउ खेती तालिम, मागमा आधारित स्थलगत घुम्ति तालिम, धान, गहु र मकैको क्रप कटिङ्ग कार्यक्रम, व्यवसायिक कृषकहरुलाई बिशेषज्ञ सेवा सहित प्रविधि बिस्तारमा पहुँच अन्तर्गत कृषि एप तथा कृषक परिचयपत्र कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

३१. कृषियोग्य भूमिलाई वाँझो रहन नदिन भूमिबैंक सम्वन्धी कार्यक्रम सहित कृषि विकास कार्यक्रमका लागि प्राथमिकता सहित आन्तरिक तर्फ रु. २ करोड ४२ लाख ७५ हजार विनियोजन गरेको छु ।

३२. माथी उल्लेखित कार्यकर्म समेत कृषि विकास अन्तर्गत आन्तरिक तर्फ जम्मा रू. ३ करोड २ लाख ७५ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २० लाख ७६ हजार गरी जम्मा रु. ३ करोड २३ लाख ५१ हजार विनियोजन गरेको छु।

३३. पशु सेवा तर्फ बाख्रा/भेडा र बंगुरपालन समूहमा परजिवी नियन्त्रण कार्यक्रम, पशु स्वास्थ्य शिविर कार्यक्रम, कृत्रिम गर्भाधान, पशु स्वास्थ्य बिज्ञ/प्राबिधिक सहितको बाँझोपन उपचार तथा डोर टु डोर कार्यक्रम ,पशु सेवा केन्द्रको लागि औषधि व्यवस्थापन, पशु सेवा केन्द्रमा डिस्पेन्सरी संचालन तथा प्रयोगशाला व्यवस्थापनका लागि सामग्री तथा रेफ्रिजेरेटर खरिद, पशु पालक कृषकहरुलाई पशु आहारा

व्यवस्थापनका लागि ५० प्रतिशत अनुदानमा हिउदे घाँस जै,बर्षिम घाँसको बिउ खरिद तथा बितरण, पशु आहराका लागि टियोसेन्ट्रि र सुडान घाँसको बिउ खरिद तथा बितरण, सरोकारवाला तथा मुक्त कम्लरी समूहमा कुखुरापालन स्थलगत तालिम र ६ हपते निःशुल्क कुखुराको चल्ला वितिरण, ५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण कार्यक्रम , मुत्र संकलन सहितको गाई/भैसीको भकारो सुधार कार्यक्रम ,५० प्रतिशत सहकार्यमा मागमा आधारित पशुपन्छी पालन सहायता लक्षित कार्यक्रमहरु लगायत पशुपंक्षी विकासको लागि आन्तरिक तर्फ रु.५३ लाख ८० हजार , संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २७ लाख १७ हजार र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ४० लाख गरी जम्मा रु. १ करोड २० लाख ९७ हजार विनियोजन गरेको छु।

३४. पर्यटन तथा संस्कृति प्रवर्द्धन तर्फ घोराहीमा बस्ने विभिन्न जातजातिहरुको कला, साहित्य, संस्कृति संरक्षण एवं प्रवर्द्धन गर्न, नगरमा निर्मित जलाशयहरुको प्रोफाइल निर्माण, पर्यटकीय सम्पदाको चिनारीको लागि क्यू.आर. कोड निर्माण, नगरका पर्यटकीय सम्पदाहरुको फोटो संकलन तथा अभिलेखिकरण, परम्परागत एवं लोपोन्मुख वाद्यवादन तथा नृत्य सामग्रीको संरक्षण तथा प्रवर्द्धनका लागि सहयोग, होमस्टे तालिम र अनुदान सहयोग, विभिन्न जातजातीका भेषभुषा सहित नृत्य प्रतियोगिता तथा फुड फेस्टिबलका लागि आन्तरिक तर्फ रु. १४ लाख ७५ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २ करोड ४९ लाख र प्रदेश सरकारबाट

प्राप्त अनुदान तर्फ रु. २० लाख गरी जम्मा रु. २ करोड ८३ लाख ७५ हजार विनियोजन गरेको छु।

३५. स्थानीय सीप, स्रोत साधनको प्रयोग गरी न्यूनतम रोजगारी सृजना गर्न, युवा रोजगारीको लागि पहल परियोजना, सहकारी प्रवर्द्धनका लागि सहकारीमा गुणात्मकता अभिवृद्धि गर्ने उद्धेश्यका साथ सहकारी एकीकरण कार्यक्रम प्राथमिकताका साथ संचालन गर्न, सहकारीमा उद्यमी कार्यक्रम तथा खोज अनुसन्धान, सहकारी संस्था सुदृढीकरणको लागि नियमित अनुगमन, सहकारी सूचनामूलक सन्देश तथा सहकारी संस्थाहरुको व्यवस्थित संचालनको लागि सफ्टवेयरमा आधारित कोपोमिस तालिम कार्यक्रम लगायत प्रधानमंत्री रोजगार कार्यक्रम समेत गरी संघ सरकार, प्रदेश सरकार तथा आन्तरिक तर्फ गरी जम्मा रु. १ करोड ४६ लाख ३९ हजार विनियोजन गरेको छु।

३६. खाद्य स्वच्छता र स्वस्थता कायम गर्नका लागी होटल तथा डेरी व्यवसायीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्नका साथै खाद्य गुणस्तर परिक्षणका लागि आवश्यक औजार, रसायन तथा सामग्री खरिद गर्ने व्यवस्था मिलाएको छु। विद्यालय स्तरीय आधारभुत तहमा उपभोक्ता हित सम्बन्धि सचेतना मुलक कार्यक्रम ,स्थानीय रेडियोबाट उपभोक्ता हित सम्बन्धी सचेतनामुलक सूचना प्रसारण, नियमित बजार अनुगमन तथा बजार व्यवस्थापनका लागि सरोकारवालाहरुसंग अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम समेत उपभोक्ता हित

संरक्षणका लागि रु. १६ लाख ९५ हजार रुपैयाँ विनियोजन गरेको छु।

३७. "एक वडा एक उत्पादन, एक घर एक उद्यम" भन्ने नारा लाई व्यवहारिक कार्यान्वयन गर्न तथा घोराहीवासीहरुको जीवनस्तर माथि उठाउन बेरोजगार युवायुवतीका लागि नवप्रवर्तनमा आधारित सिप मुलक तालिम, गरिब परिचय पत्र प्राप्त घर परिवारलाई उद्यमशीलता तथा सिप विकास तालिम, उद्यमीहरुको लागि बजारीकरण तथा वित्तिय सेवामा पहुँच तथा  प्रविधि हस्तान्तरण  जस्ता कार्यक्रम संचालन गर्न रु. २१ लाख ५० हजार विनियोजन गरेको छु। साथै संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. १२ लाख गरी जम्मा रु. ३३ लाख ५० हजार विनियोजन गरेको छु।

३८. बैदेशिक रोजगारीलाई सुरक्षित एवम् मर्यादित बनाई सुरक्षित बैदेशिक रोजगार नगर घोषणा गर्न सामी परियोजनाका लागि आन्तरिक तर्फ रु. १० लाख विनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय**

३९. आर्थिक विकास अन्तर्गत कृषि विकास, पशु सेवा, पर्यटन तथा संस्कृति प्रवर्द्धन, सीप विकास तथा उद्यम प्रवर्द्धन, सहकारी तथा रोजगार प्रवर्द्धन, उपभोक्ता हित संरक्षण, प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम समेत आन्तरिक तर्फ रु. ४ करोड ३२ लाख र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान समेत

गरी जम्मा ररु. ९ करोड ३५ लाख ७ हजार विनियोजन गरेको छु।

**सामाजिक विकास अन्तर्गत**

४०. विद्यालयमा कार्यरत मा.वि., नि.मा.वि., बालविकास अनुदान, बालविकास सहायक कर्मचारी, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी, सामुदायिक अध्ययन केन्द्रका परिचालिका, गृहिणी शिक्षक तथा आयाको मनोबल वृद्धी गरी पठनपाठनमा सुधार ल्याउन संघीय सरकारबाट प्राप्त तलब रकममा थप गर्न रु. ३ करोड ९५ लाख ४५ हजार विनियोजन गरेको छु। स्वयंसेवक शिक्षकहरुको तलब भत्ताको लागि १ करोड ४८ लाख १० हजार विनियोजन गरेको छु।

४१. लागत सहभागिताको आधारमा विद्यालयहरुको मागको आधारमा यातायात साधन खरिदको लागि रु. ५७ लाख, वाल विकास कक्षाहरुमा कार्पेट, कुसन, खेलकुद सामग्री लगायत आवश्यक सामग्री व्यवस्थापनको लागि रु ८ लाख तथा विद्यालयहरुमा खानेपानी मर्मत तथा शौचालय निर्माण तथा मर्मतको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु।

४२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा अन्य कार्यक्रमका अधुरा भवन निर्माणको लागि रु ५ करोड ५० लाख तथा संघ सरकारको लागत साझेदारीमा विद्यालय भवन निर्माणको लागि रु. १ करोड ६५

लाख विनियोजन गरेको छु। विद्यालय भवनको लागि रु. ६७ लाख विनियोजन गरेको छु।

४३. गत साल देखि दिइएको मा वि अनुदान, नि मा वि तथा बाल विकास अनुदानको लागि रु. १ करोड १५ लाख १० हजार, एस.ई.ई तथा प्लस टु दिएका विद्यार्थीहरुका लागि ईन्टर्नसिप तथा ब्रिजकोर्स सम्बन्धी कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु ।

४४. स्वयसेवक शिक्षकहरुको विषयगत शिक्षण सिकाई सम्बन्धी तालिम, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.हरुको लागि क्षमता विकास तालिम, सामुदायिक विद्यालयका विद्यालय सहायक कर्मचारीहरुलाई लेखा व्यवस्थापन तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम, विद्यालय भौतिक नक्सांकन सम्बन्धी प्रोफाइल निर्माण जस्ता शैक्षिक कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

४५. घोराहीमा स्थायी बसोबास भएका सामुदायिक विद्यालयवाट एस.ई.ई.को परीक्षामा उत्कृष्ट अंक प्राप्त गरेका एक जना छात्र तथा एक जना छात्रा लाई डाक्टर र इन्जिनियर पढ्न छात्रवृत्तिको लागि रु. १६ लाख विनियोजन गरेको छु।

४६. नगरस्तरीय परीक्षा संचालन, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरुको चौमासिक बैठक तथा शैक्षिक समिक्षा ,आन्तरिक मूल्यांकन प्रणाली सम्बन्धी तालिम विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन, अस्थायी शिक्षक भर्नाको लागि प्रश्नपत्र निर्माण,

मगरखाम भाषाको पाठ्यपुस्तक लेखन तथा छपाई, कक्षा ९ र १० का विद्यार्थीहरुलाई बृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन, थारु भाषाको कक्षा १-३ पाठ्यपुस्तक लेखन तथा छपाई,हाम्रो घोराही (कक्षा १-३) को पाठ्यपुस्तक लेखन तथा छपाई, हाम्रो घोराही (कक्षा ४-८) को पाठ्यपुस्तक सामुदायिक विद्यालयमा अनुदान, प्रधानाध्यापक र फोकल पर्सनहरुलाई तालिम, सामुदायिक सिकाइ केन्द्र तथा गृहणीका सहजकर्ता अध्यक्षहरुको क्षमता विकास सम्बन्धी तालिम ,नमूना विद्यालयका प्र.अ., शिक्षक तथा अध्यक्षको लागि क्षमता विकास तालिम, ५ वर्षे शिक्षा योजना निर्माण लगायत कार्यक्रमहरुका लागि बजेट विनियोजन गरेको छु।

४७. घोराही कभर्ड हल, नवलपुर फुटबल खेलमैदान, सालघारी बास्केटबल खेलमैदान, गुलरीया क्रिकेट खेल मैदान, नारायणपुर कभर्डहल मर्मत लगायत खेलकुद क्षेत्रको भौतिक पूर्वाधार विकास तथा विभिन्न खेलकूद प्रतियोगिता र प्रतियोगिता सम्बन्धी क्रियाकलाप संचालन गर्न खेलकुद विकास तर्फ रु. ५५ लाख विनियोजन गरेको छु।

४८. माथी उल्लेखित कार्यक्रमहरु सहित शिक्षा, युवा तथा खेलकूदमा आन्तरिक तर्फ जम्मा रु. १८ करोड ३० लाख ४ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रू. ६६ करोड ५४ लाख ४३ हजार गरी जम्मा ८४ करोड ८४ लाख ४७ हजार विनियोजन गरेको छु।

४९. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सिकलसेल एनेमियाको नियमित जाँच गर्ने व्यवस्था मिलाएको छु। उज्यालो आँखा कार्यक्रम अन्तरगत राप्ती आँखा अस्पताल, रक्षाचौरसंगको सहकार्यमा निःशुल्क मोतियाबिन्दु शल्यक्रियाको लागि रु. २० लाख, नगरवासीहरुलाई रक्तदान जीवनदानको भावना अनुरुप नगर प्रमुख रक्तसंचार कार्यक्रम तर्फ नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउनको लागि रु. १० लाख तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य जाँचका लागि प्रत्येक वडालाई रु १ लाख गरी जम्मा रु. १९ लाख विनियोजन गरेको छु।

५०. उपप्रमुख प्रजनन् रुग्णता कार्यक्रम अन्तर्गत पाठेघर बचाउ अभियान मार्फत पाठेघरको भि.आई.ए. स्क्रिनिङ्ग गरी पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच गर्नका लागि प्रति वडा रु. ५० हजारका दरले रु. ९ लाख ५० हजार, आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रवर्द्धनका लागि रु. १३ लाख विनियोजन गरेको छु।

५१. आधारभूत स्वास्थ्य सेवा संचालनको लागि निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा औजार उपकरण खरिद, व्यवस्थापन तथा ढुवानीको लागि रु ३५ लाख विनियोजन गरेको छु।

५२. मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत मासिक रु पाँच हजार सुविधा उपलब्ध गराउन रु. ७ लाख, एम्बुलेन्स र शव बाहन व्यवस्थापन ,संक्रमण रोकथाम र व्यवस्थापन तालिम, नेपाल क्षयरोग

निवारण संघको सहकार्यमा क्षयरोग सम्बन्धी कार्यक्रम, हेल्थ फाउण्डेशन नेपालको सहकार्यमा मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी कार्यक्रम, समाजसेवा क्लबको सहकार्यमा स्वास्थ्य बीमा प्रवर्द्धन कार्यक्रम, पोषण मैत्री कार्यक्रम, स्वास्थ्य सम्बन्धी तथ्यांकको गुणस्तरीयता सुधारका लागि अभिमुखिकरण लगायत जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुमा आन्तरिक तर्फ वडास्तरीय कार्यक्रमको लागि रु. १ करोड ४८ लाख १० हजार तथा नगरस्तरीय कार्यक्रमको लागि रु. १ करोड ९६ लाख विनियोजन गरेको छु।

५३. नारायणपुर स्वास्थ्य चौकी भवन निर्माणका लागि रु. ६८ लाख विनियोजन गरेको छु।

५४. माथी उल्लेखित जनस्वास्थ्यसंग सम्बन्धित कार्यक्रमका लागि आन्तरिक तर्फ रू. ३ करोड ४४ लाख १० हजार , संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ५ करोड ६२ लाख ७५ हजार र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. २० लाख समेत जम्मा रु. ९ करोड २६ लाख ८५ हजार विनियोजन गरेको छु।

५५. घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित पालिका घोषणा गर्ने लक्ष्य सहित लैंगिक हिंसा नियन्त्रण समिति गठन तथा पुर्नगठन र अभिमुखिकण ,लैंगिक हिंसा नियन्त्रण सम्बन्धी नीति, रणनीति र आचारसंहिता निर्माण, लैंगिक हिंसाको स्थितीपत्र, तयारी, वडा तथा नगर कार्ययोजना निर्माण, विभिन्न संघ संस्था तथा सबै क्षेत्र

र संचारकर्मिहरुका लागि लैंगिक तथा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी, तालिम-गोष्ठी, अभिमुखीकरण तथा टोल टोलमा चेतनामूलक अभियान संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५६. किशोर किशोरीहरुको लागि लैङ्गिक हिंसा निवारण तथा किशोरी शिक्षा सम्बन्धी तालिम ,विद्यालयमा बालबालिका, शिक्षक, अभिभावक बीच लैगिक हिंसा निवारण वारे अन्तरक्रिया, तालिम, गोष्ठी,लैङ्गिक हिंसा निवारणका लागि जेष्ठ नागरीक तथा नव पुस्ताका लागि अभिमूखिकरण, स्थानीयस्तरमा रहेका सबै साझेदार संस्थाहरुलाई लैंगिक हिंसा नियन्त्रण सम्बन्धी अभिमुखीकरण, लैङ्गिक हिंसा नियन्त्रण प्रचार-प्रसार, घरदैलो अभियान तथा लैङ्गिक हिंसा नियन्त्रण डकुमेन्ट्री तयार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छू।

५७. सामाजिक विभेदको न्यूनीकरण, छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था परिचालन, दलित समुदायको लागि समानुपातिक सहभागिता वृद्धी गर्न स्थानीय तहबाट गठन हुने समिति उप-समितिहरू, कार्यदल गठन गर्दा समानुपातिक समावेशिताका लागि वडाका जनप्रतिनिधि र कर्मचारीको लागि सामाजिक समावेशीकरण तथा क्षमता वृद्धि अभिमुखिकरण तथा तालिम कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छू।

५८. टोल विकास संस्थाका लागि वालश्रम, बालमैत्री, बालविवाह, वहु विवाह, दाइजो/दहेज जस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालन तथा न्युनीकरणका लागि तालिम, लैङ्गिक सामाजिक समावेशीकरण तथा प्रजनन स्वास्थ्य तालिम, दलित महिलाहरुलाई सिपमूलक तालिम तथा एकल, विधुवा महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम ,लैङ्गिक उत्तरदायी बजेट परीक्षण ,बालक्लबका लागि नेतृत्व विकास तथा क्षमता विकास तालिम संचालनका लागि बजेट विनियोजन गरेको छु।

५९. आदिवासी, जनजाती, लोपोन्मुख एवं अल्पसंख्यक जातजाति तथा पिछडिएको वर्गका लागि सिपमुलक क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन, दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाती समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनिकरण गर्न "बिहेबारी बिस वर्ष पारी" भन्ने कार्यक्रम संचालन, अपांगता भएका व्यक्तिहरुको लगत संकलन, मुक्त कम्लहरी, वहिरा तथा तेश्रो लिंगी समुदायको लागि आवश्यक कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

६०. शान्ती बालगृहलाई संचालन अनुदान , बेवारीसे मानव व्यवस्थापनका लागि मानव सेवा आश्रय तथा सेवा घर अनुदान, सबै जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन व्यवस्थापन, अपांगता भएका ब्यक्तिका लागि कार्यक्रम तथा पुर्नस्थापना केन्द्र, निरन्तरता तथा सहायक सामाग्री सहयोग, तेरौटे वृद्धाश्रम व्यवस्थापन तथा नियमित सहयोग ,

आकस्मिक बाल संरक्षण केन्द्र स्थापना तथा संचालनका लागि दिँईदै आएको अनुदानलाई निरन्तरता दिएको छु।

६१. महिला, वालवालिका तथा सामाजिक समावेशिकरण तर्फ आन्तरिक तर्फ रु. ९८ लाख ३० हजार र संघ सरकारबाट प्राप्त अनुदानबाट रु. १३ लाख गरी जम्मा रु. १ करोड ११ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

६२. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सम्बन्धी तालिम, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी जनप्रतिनिधि तथा विभिन्न सरोकारवालहरुलाई अभिमुखिकरण तथा छलफल, घटना दर्ता सप्ताह संचालन तथा स्मार्ट कार्ड बायोमेट्रिक लगइन उपकरण खरिदको लागि सामाजिक सुरक्षा तथा पंजीकरण तर्फ आन्तरिक तर्फ रु. १० लाख ८० हजार र संघ सरकारबाट प्राप्त अनुदानबाट रु. ४ लाख ९५ हजार समेत गरी जम्मा रू. १५ लाख ७५ हजार विनियोजन गरेको छु।

६३. सामाजिक विकास अन्तर्गत शिक्षा, युवा तथा खेलकुद, जनस्वास्थ्य प्रवर्द्धन, महिला, बालबालिका तथा समाज कल्याण र सामाजिक सुरक्षा तथा पंजीकरण क्षेत्रहरुमा जम्मा आन्तरिक रू. २२ करोड ८३ लाख २४ हजार र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान समेत गरी जम्मा रु. ९५ करोड ३८ लाख ३७ हजार  विनियोजन गरेको छु।

## पूर्वाधार विकास अन्तर्गत

६४. विगत आ.व. देखि कार्यान्वयनमा रहेका अधुरा, क्रमागत बहुवर्षिय तथा नयाँ आयोजनाहरुको लागि एकमुष्ट रु. ५० करोड ९४ लाख विनियोजन गरेको छु ।

६५. विकासमा नागरिक सहभागिता अभिवृद्धि गर्ने उद्धेश्य अनुरुप टोल विकास संस्थाबाट माग भएका लागत सहभागिता (२०/८० र ३५/६५ प्रतिशत) मा संचालन हुने आयोजनाहरुको लागि रु ६ करोड ८ लाख विनियोजन गरेको छु।

६६. वडा कार्यालयको सिफारिस बमोजिम अन्य नगरस्तरीय आयोजनाहरुको लागि रु. ८ करोड ४९ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

६७. विभिन्न समपूरक आयोजनाहरुका साथै साझेदारी कार्यक्रमहरुको लागि रु. ६ करोड ५० लाख विनियोजन गरेको छु।

६८. पिच सडकको नियमित मर्मत एवं दिगो व्यवस्थापनका साथै भौतिक विकास सम्भाव्ता अध्ययनका लागि रु. १ करोड विनियोजन गरेको छु।

६९. भवन नक्सापास प्रकियालाई व्यवस्थित गर्न विद्युतीय भवन अनुमति प्रणाली अद्यावधिक तथा डिजिटाइजेशन कार्यका लागि रु. १२ लाख विनियोजन गरेको छु।

७०. सडक पिच, ग्राभेल तथा बाटो स्तरउन्नती, कल्भर्ट, सिंचाई तथा खानेपानी, विद्युत विस्तार , पार्क, उद्यान लगायत पूर्वाधार विकास तर्फका सबै प्रकृतीका आयोजना निर्माण सम्बन्धी कार्यका लागि आन्तरिक तर्फ रु. ७३ करोड १ लाख ४५ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ५ करोड ५० लाख, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. २ करोड ८० लाख र योजना तथा अनुगमन, भवन अनुमति मापदण्ड कार्यान्यवन सम्बन्धी कार्यक्रमका लागि रु. २२ लाख समेत गरी पुर्वाधार विकासका तर्फ जम्मा रु. ८१ करोड ५३ लाख ४५ हजार विनियोजन गरेको छु।

## सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत

७१. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न संचालित विपद् व्यवस्थापन कोषको लागि रु. ५० लाख छुटयाएको छु ।विपद् वाट क्षति भएका संरचनाहरुको संरक्षण तथा निर्माण गर्न रु. ५० लाख, विभिन्न स्थानमा वातावरणमैत्री मिनी पार्क/प्रतिक्षालय /चौतारी निर्माण गर्न रु १० लाख, तटवन्धनका लागी तारजाली तथा आवश्यक सामाग्री खरिद गर्न रु. ४० लाख, खरको छाना विस्थापन कार्यक्रम समपूरक रु. ४० लाख विनियोजन गरेको छु।

७२. त्यसै गरी विपद् व्यवस्थापन तथा खोज उद्धार सम्बन्धी नमुना अभ्यास कार्यक्रम, वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई पुनर्ताजगी अभिमुखीकरण कार्यक्रम,निषेधीत प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण अभियान कार्यक्रम, आपतकालिन कार्य संचालन केन्द्रका लागि सामग्री खरिद लगायतका विपद् तर्फको कार्यक्रम संचालन गर्न

आन्तरिक तर्फ रु. २ करोड ५ लाख ७५ हजार विनियोजन गरेको छु। त्यसै गरी वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि संघ सरकारबाट प्राप्त अनुदानबाट रू. ७४ लाख गरी जम्मा रु. २ करोड ७९ लाख ७५ हजार विनियोजन गरेको छु।

७३. सार्वजनिक गौशाला व्यवस्थापन चाक्लिघाट स्तरउन्नती, घोराहीको मुख्य बजार क्षेत्र घोराही चोक आसपासमा घुम्ती शौचालय निर्माण तथा संचालन, ल्यान्डफिल साइडको लिचड ट्रीट्मेन्ट प्लान्ट निर्माण तथा सरसफाईलाई आवश्यक पर्ने उपकरण खरिद गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७४. कटुवाखोला, सेवारखोला स्वच्छता, सरसफाई जनचेतना अभियान चोक तथा गल्लिहरुको नाला, पार्क सरसफाई तथा बिरुवा गोडमेल कार्यक्रम, टोल बिकास संस्था तथा बिद्यालय संघसंस्थालाई ५० प्रतिशत अनुदानमा डस्टबिन वितरण, सरसफाइ अभियान, टोल विकास सस्थालाई पूर्ण फोहर बर्गिकरण टोल घोषणा, नगर तथा वडास्तरमा पूर्ण सरसफाइ कार्यक्रम, फोहर बर्गिकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम, मृत बेवारिसे मानव तथा सामुदायिक चौपाया व्यवस्थापन ल्याण्डफिल साईटमा हरियाली पार्क निर्माण जस्ता कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

७५. सरसफाई कर्मचारीलाई जोखिमजन्य फोहर व्यवस्थापन सम्बन्धी तालिम सामुदायिक चौपाया व्यवस्थापन, सार्वजनिक फोहर नियन्त्रणका लागि स्वयंसेवक परिचालन, ल्यान्डफिल साईट प्रभावित व्यक्तिहरुका लागि आय आर्जन सम्बन्धी सिप मुलक तालिम लगायतका कार्यक्रहरु संचालनको लागि सरसफाई व्यवस्थापन तर्फ रु. ७३ लाख ७० हजार विनियोजन गरेको छु।

७६. सरसफाई, वन , वातारण तथा विपद् व्यवस्थापन तर्फ आन्तरिक तर्फ जम्मा रु. २ करोड ७९ लाख ७५ हजार र संघ सरकारबाट प्राप्त अनुदानबाट समेत गरी जम्मा रु. ३ करोड ५३ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

**सार्वजनिक सेवा, सुशासन, संस्थागत विकास, सूचना प्रविधि तथा अन्य सम्बन्धित क्षेत्र अन्तर्गत**

७७. समयानुकूल सूचना प्रविधि प्रणाली/सफ्टवेयर जडान, ई-हाजिरी प्रणाली विस्तार, डिजिटल साक्षरता सचेतनामुलक कार्यक्रम लगायत विद्युतीय शासनको लागि अन्य सहयोगी कार्यक्रमहरु सहितका लागि रु. २१ लाख ५० हजार विनियोजन गरेको छु।

७८. नगरस्तरीय वार्षिक तथा त्रैमासिक प्रगति समिक्षा, नगरस्तरीय वार्षिक तथा त्रैमासिक सार्वजनिक सुनुवाई, घोराही उपमहानगरपालिकाका बित्तिय जोखिम मूल्यांकन मार्फत बित्तिय जोखिम न्यूनिकरण, संस्थागत क्षमता स्वमूल्यांकन मार्फत संस्थागत सुधार कार्ययोजना निर्माण, सामाजिक परिक्षण, विभिन्न प्रतिवेदन तयारी, सूचनाको हक सम्बन्धी कार्यक्रम लगायतका संस्थागत सुधार तथा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुका लागि रु. २६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

७९. नेपाल पत्रकार महासंघ दाङ शाखाको लागि कार्यक्रम, स्थानीय रेडियो कार्यक्रम, पत्रकारहरुको क्षमता विकास तालिम, नेपाल टेलिभिजन कोहलपुरसँगको सहयोगमा घोराही दर्पण कार्यक्रम संचालन

लगायत संचार तथा प्रेस क्षेत्रको विकासको लागि रु. १७ लाख १५ हजार विनियोजन गरेको छु।

८०. माथी उल्लेखित कार्यक्रमहरु सहित सूचना तथा संचार प्रविधि तर्फ जम्मा रु.७० लाख १५ हजार विनियोजन गरेको छु ।

८१. आवश्यकताका आधारमा जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम लगायत सामान्य व्यवस्थापनसंग सम्बन्धित विविध कार्यक्रमका लागि रु. ६ लाख विनियोजन गरेको छु।

८२. कानुनी पुस्तक संग्रह प्रकाशन, नागरिकसंग कानुनी साक्षरता कार्यक्रम, सूचिकृत मेलमिलापकर्ताहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम,न्यायिक समितिको कार्य प्रगति सम्बन्धमा पत्रकार सम्मेलन, न्यायिक घुम्ति शिविर, कानुनी मस्यौदा निर्माण प्रकृया सम्बन्धी अभिमुखीकरण कार्यक्रम, माध्यमिक तहमा अध्ययरत विद्यार्थीहरुसंग न्यायिक समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, कानून कार्यान्वयन सम्बन्धमा सरोकारवाला पक्षसंग अन्तरक्रिया कार्यक्रम, न्यायिक समितिका पदाधिकारीबीच अन्तर स्थानीय तह अन्तरक्रिया लगायतका कार्यक्रमहरुको लागि एकमुष्ट रु. २२ लाख ६० हजार विनियोजन गरेको छु ।

८३. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच कार्यको लागि नियन्त्रण बिन्दु स्थापना गर्न रु. २८ लाख ५० हजार सहित भूमी व्यवस्थापन तर्फ रु. ५५ लाख २२ हजार विनियोजन गरेको छु।

८४. राजश्व गस्ति परिचालन मार्फत राजश्व अभिवृद्धि गर्न, राजश्व व्यवस्थापनको काम गर्ने कर्मचारीहरुको क्षमता विकास गर्न, करदाता

शिक्षा कार्यक्रम संचालन लगायत राजश्व व्यवस्थापन तर्फ रु. १३ लाख वजेट विनियोजन गरेको छ ।

८५. सार्वजनिक सेवा, सुशासन, सूचना प्रविधि तथा संचार, संस्थागत विकास र अन्य सम्बन्धित क्षेत्र तर्फ जम्मा रू. १ करोड ६६ लाख ९७ हजार बजेट विनियोजन गरेको छु।

८६. वडा कार्यालय तर्फ (१९ वटै वडा) को पूर्वाधार विकास तर्फ वडा नं १ मा रु ४९ लाख ३५ हजार, वडा नं २ मा ४९ लाख ४२ हजार, वडा नं ३ मा ४९ लाख २१ हजार, वडा नं ४ मा ४९ लाख ७ हजार, वडा नं ५ मा ४९ लाख ४५ हजार ५ सय वडा नं ६, ७ र ८ प्रत्येकमा ४९ लाखका दरले वडा नं ९ मा ४९ लाख ३१ हजार ५ सय, वडा नं १० मा ४९ लाख १४ हजार, वडा नं ११ मा ४९ लाख ७ हजार, वडा नं १२ मा ४९ लाख ४५ हजार ५ सय, वडा नं १३ मा ४९ लाख ५० हजार ४ सय, वडा नं १४ मा ५० लाख ४० हजार, वडा नं १५ मा ५० लाख ५४ हजार, वडा नं १६ मा ४९ लाख, वडा नं १७ मा ४९ लाख ३५ हजार, वडा नं १८ मा ४९ लाख १४ हजार र वडा नं १९ मा ४९ लाख ४९ हजार गरी जम्मा ९ करोड ३७ लाख ९० हजार ९ सय तथा अन्य सामाजिक विकासका कार्यक्रम एवं कार्यालय संचालन तर्फ जम्मा रु. ५ करोड ९१ लाख ९६ हजार १ सय गरी जम्मा रु. १५ करोड २९ लाख ८७ हजार विनियोजन गरेको छु।

८७. दैनिक कार्य संचालन, तलब भत्ता लगायत आन्तरिक व्यवस्थापन तर्फ रु. ३६ करोड विनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

८८. आगामी आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न माथि उल्लेखित आयोजना तथा कार्यक्रमका लागि रु. २ अर्ब ४२ करोड ७७ लाख १८ हजार विनियोजन गरेको छु।कुल बिनियोजित रकम मध्ये संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ८२ करोड ९७ लाख ५८ हजार मध्ये रु. ११ करोड ६३ लाख २० हजार अर्थात १४.०२ प्रतिशत पूजिगत खर्च र रू. ७१ करोड ३४ लाख ३८ हजार अर्थात ८५.९८ प्रतिशत चालु खर्च रहेको छ।त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ३ करोड ६४ लाख ६२ हजार मध्ये रु. ३ करोड ६० लाख अर्थात ९८.७३ प्रतिशत पूजिगत खर्च र रू. ४ लाख ६२ हजार अर्थात १.२७ प्रतिशत चालु खर्च रहेको छ ।संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड र रोयल्टी तथा उपमहानगरपालिकाको आन्तरिक आय (घर जग्गा रजिष्ट्रेशन, बैंक मौज्दात समेत)बाट विनियोजन गरिएको बजेट रु. १ अर्ब ५६ करोड १४ लाख ९८ हजार मध्ये रु. ५५ करोड ७१ लाख १२ हजार अर्थात ३५.६८ प्रतिशत चालु खर्च र रू १ अर्ब ४३ लाख ८६ हजार अर्थात ६४.३२ प्रतिशत पूजिगत खर्च रहेको छ।

८९. कुल बजेट रू. २ अर्ब ४२ करोड ७७ लाख १८ हजार मध्ये रु. १ अर्ब २७ करोड १० लाख १२ हजार अर्थात ५२.३५ प्रतिशत चालु खर्च र रू. १ अर्ब १५ करोड ६७ लाख ६ हजार अर्थात ४७.६५ प्रतिशत पूजिगत खर्च रहेको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथि उल्लेखित क्षेत्रगत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

९०. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आय(घर जग्गा रजिष्ट्रेसन समेत)बाट रु. ५५ करोड ८८ हजार, संघीय वित्तीय समानिकरण अनुदानबाट रू. ३० करोड ३१ लाख, संघीय राजश्व बाँडफाँडबाट रू. २६ करोड ७० लाख २६ हजार ६०१, संघीय रोयल्टी बाँडफाँडबाट रू. ९ लाख ७३ हजार ३९९ , संघीय सशर्त अनुदानबाट रु. ८२ करोड २२ लाख ५८ हजार, र संघीय बिशेष अनुदानबाट रु. ७५ लाख व्यहोरिने छ। त्यस्तै प्रदेश समानिकरण अनुदानबाट रु. २ करोड २० लाख ४७ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. २ करोड ८२ लाख ६३ हजार, प्रदेश सशर्त अनुदानबाट रू. २ करोड २४ लाख ६२ हजार र प्रदेश समपुरक अनुदानबाट रु. १ करोड ४० लाख व्यहोरिने छ ।यसबाट नपुग हुने रकम रु. ३९ करोड गत आर्थिक वर्षको बैंक बाँकीबाट व्यहोरिने छ।

९१. यसका साथै उपमहानगरपालिकालाई संघ सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरिबसंग बिश्वेश्वर कार्यक्रम, लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रक्षेपणमा समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

**नगरसभाका अध्यक्ष महोदय,**

९२. आर्थिक वर्ष २०८१/८२को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको विनियोजन बिधेयक, २०८१ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ बिधेयक, २०८१ सम्मानित सभा समक्ष पेश गरेको छु।

९३. प्रस्तुत बजेटको कार्यान्वयनबाट कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धी हुने, सामुदायिक विद्यालयका भौतिक अवस्थामा सुधार हुने, शैक्षिक गुणस्तर अभिवृद्धि हुने, नगरवासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने, उद्यमशिलताको विकासबाट रोजगारीको अवसर सृजना भई नागरिकको आर्थिक सामाजिक जीवत स्तरमा सुधार हुने, सडक पूर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि तथा दिगोपना कायम हुने, नगरमा उपलब्ध स्रोत साधनको अत्यूत्तम उपयोगबाट सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास भई आर्थिक प्रगतिमा टेवा पुग्ने, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता

अभिवृद्धि हुने र सामाजिक विकासको मुलप्रवाह भन्दा बाहिर रहेका वर्ग, क्षेत्र, समुदायको विकासमा पहुँच भई अपनत्वको प्रवर्द्धन मार्फत स्थानीय शासन मजबुत हुने बिश्वास लिएको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

९४. आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत आय-व्यय प्रस्ताव उपमहानगरपालिकाको एकल प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन।बजेट कार्यान्यनमा संघ तथा प्रदेश सरकार, नगरवासी, आमाबुबा, दिदीबहिनी, दाजुभाई, व्यवसायिक संघ संस्था, राजनीतिक दल, नागरिक समाज,संचार जगत लगायत सबै तह र तप्काबाट साथ, सहयोग र सहकार्य हुने बिश्वास लिएको छु।

९५. अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्ग निर्देश गर्नु हुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवि, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासीहरु तथा प्रमुख प्रशसाकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु।

धन्यवाद!

इति सम्वत् २०८१ साल आषाढ ९ गते रोज १ शुभम्।